# संविधानसभाका अध्यक्षको कार्यालय

सुवासचन्द्र नेम्वाङ्ग
अध्यक्ष

कार्यालय : ४-२००१५९
४-४८५३७४
निवास : ४-४२४०६६
फ्याक्स : ९७७-१-४२००१३७
संसद भवन, सिंहदरबार ।

## शुभ-कामना सन्देश

अमेरिकामा बसोबास गर्ने नेपाली युवाहरुको संस्था US Nepal Media Center को अग्रसरतामा सञ्चालित लोकप्रीय् वेभसाईट www.UsNepalOnline.com ले प्रथम वर्ष पुरा गरी सोको उपलक्ष्यमा आफ्नो प्रथम वार्षिकोत्सव भव्यताकासाथ मनाउन लागेको खबरले मलाई अत्यन्तै हर्षित तुल्याएको छ ।

सूचनालाई नै शक्ति र ज्ञान मानिएको यो एक्काईसौ शताब्दीमा विश्वभर छरिएर रहेका नेपालीहरु र हाम्रा सबै शुभ चिन्तकहरुवीच नेपाली भावना, नेपाली विचार र नेपाल सम्बन्धी महत्वपूर्ण सूचनाहरु नियमित र अद्यावधिक रुपमा उपलब्ध गराएर US Nepal Media Center ले मातृभूमि प्रतिको कर्तब्य राम्रोसँग निर्वाह गरेको मैले महशुस गरेको छु । नेपाली जनताले संविधानसभा मार्फत आफैले आफ्नो भविष्यको मार्गचित्र निर्धारण गर्ने संविधान निर्माण गर्न अग्रसर भएको यो महत्वपूर्ण घडिमा संविधान निर्माण प्रक्रिया लगायतका नेपाल सम्बन्धी अन्य सबै गतिविधिहरुको बारेमा संसारभर प्रभावकारी रुपले सूचना संप्रेषण गर्न आगामी दिनहरुमा यहाहरुको लोकप्रीय वेभसाईट www.UsNepalOnline.com लाई अझ महत्वपूर्ण सफलता मिल्नेछ भन्ने विश्वास सहित संस्थाको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

सुवासचन्द्र नेम्वाङ्ग

२२ मार्ग, २०६५